# बिषय सूचि

**परिच्छेद एक ....................................................................................................- 2 -**

प्रारम्भिक ....................................................................................................- 2 -

१.१ पृष्ठभूमि....................................................................................................- 2 -

१.२ कानूनी व्यवस्था....................................................................................................- 3 -

१.३ संगठन संरचना र जनशक्ति ....................................................................................................- 3 -

**परिच्छेद दुई ....................................................................................................- 4 -**

लेखाङ्कन नीति तथा टिप्पणी....................................................................................................- 4 -

२. शेयर तथा ऋण लेखाङ्कन नीति ....................................................................................................- 4 -

२.१. शेयर तथा ऋणको लेखाङ्कन सम्बन्धमा....................................................................................................- 4 -

२.२. लगानीबाट प्राप्त लाभांश तथा व्याज (राजस्व) सम्बन्धमाः....................................................................................................- 5 -

२.३ आ.व. २०८०।८१ को शेयर तथा ऋण लगानी तर्फको अद्यावधिक आर्थिक विवरणमा भएका समायोजन टिप्पणी....................................................................................................- 6 -

**परिच्छेद तीन....................................................................................................- 9 -**

लगानीको अवस्था विश्लेषण....................................................................................................- 9 -

३. लगानीको स्थिती र विश्लेषण....................................................................................................- 9 -

३.१. सार्वजनिक संस्थान तथा निकायहरुमा आर्थिक बर्ष 20८०/८१ सम्म भएको लगानीको संक्षिप्त स्थिती .....- 9 -

३.२ शेयर लगानी ....................................................................................................- 10 -

३.२.१ कुल शेयर लगानी स्थिती....................................................................................................- 10 -

३.२.२ बढी शेयर लगानी भएका संस्थाहरू ....................................................................................................- 10 -

३.३ ऋण लगानी स्थिती....................................................................................................- 11 -

३.३.१ कुल ऋण लगानी स्थिती....................................................................................................- 11 -

३.३.२ बढी ऋण लगानी भएका संस्थाहरुः ....................................................................................................- 12 -

३.३.३ साँवा ब्याज असुलीको स्थिती ....................................................................................................- 13 -

३.३.४ साँवा, व्याज तथा लाभांश प्राप्तीको स्थिती....................................................................................................- 14 -

३.३.५ भाखा नाघेको सावाँ र ब्याज बढी भएका संस्थाहरु....................................................................................................- 15 -

३.४ लगानी व्यवस्थापनमा भएका सकारात्मक कदम ....................................................................................................- 16 -

**परिच्छेद चार ....................................................................................................- 18 -**

समस्या र चुनौतिहरु....................................................................................................- 18 -

**परिच्छेद पाँच....................................................................................................- 24 -**

सुधारको मार्गचित्र तथा निश्कर्ष ....................................................................................................- 24 -

# परिच्छेद एक

## प्रारम्भिक

### १.१ पृष्ठभूमि

नेपाल सरकारको मिति २०७६।०३।०४ को निर्णय अनुसार आर्थिक वर्ष २०७७।७८ देखि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले नेपाल सरकारको तर्फबाट सार्वजनिक संस्थान तथा निकायहरुमा शेयर तथा ऋण लगानी गर्ने, सोको लेखाङ्कन गर्ने, अभिलेखन गर्ने र वार्षिक रुपमा प्रतिवेदन तयार गरी प्रकाशन गर्ने कार्य गर्दै आइरहेकोमा हाल सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ र सोको नियमावली, २०८० बमोजिम तोकिएका कार्यहरु यस कार्यालयबाट सम्पन्न हुँदै आएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको स्थापनासँगै महालेखा नियन्त्रक कार्यालयबाट हस्तान्तरण भएका सार्वजनिक लगानी सम्बन्धी अभिलेख तथा तत् पश्चात यस कार्यालयबाट अध्यावद्यिक गरिएका विवरण अनुसार सार्वजनिक संस्थामा गरिएको लगानीको अभिलेख व्यवस्थापन गरिएको छ।

प्रस्तुत प्रतिवेदनमा नेपाल सरकारको निर्णय बमोजिम विभिन्न सार्वजनिक संस्थान/निकायहरुमा गरिएको शेयर तथा ऋण लगानीका साथै सो लगानी बमोजिम प्राप्त भएको साँवा फिर्ता, लाभांश तथा व्याज प्राप्ति समेतको अभिलेखन समेटिएको छ। सुशासनको महत्वपूर्ण खम्बाको रुपमा रहेका पारदर्शिता एवं जवाफदेहिताको मर्म अनुसार सार्वजनिक हितानुकूल यस प्रतिवेदनमा लगानी सम्बन्धी समग्र तथ्यांकका साथै विश्लेषणात्मक प्रस्तुती समेत समावेश गरिएको छ।

यस प्रतिवेदनमा उल्लेख भएका बिश्लेषणात्मक एवं समीक्षात्मक विवरणहरू अघिल्ला आर्थिक बर्षहरूका प्रतिवेदन तथा कार्यालयमा उपलब्ध अभिलेखका आधारमा प्रस्तुत गरिएको छ। यस कार्यालयले अभिलेख जनाइराखेको शेयर र ऋणको मूल धनका सम्बन्धमा नेपाल सरकारबाट छुट्टै निर्णय भई आएकोमा बाहेक कुनै परिवर्तन गरिएको छैन। विगतमा नेपाल सरकारको

तर्फबाट लगानी भएको तर यस कार्यालयलाई जानकारी प्राप्त नभएको लगानी सम्बन्धी हिसावहरु प्राप्त हुन आएमा अभिलेख जनाई लेखाङ्कन गर्ने र कुनै हिसाव पुष्ट्याई सहित संशोधनका लागि निर्णय भइ आएमा विवरण संशोधन गरी अभिलेख अद्यावधिक गर्ने कार्य सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले गर्नेछ ।

## १.२ कानूनी व्यवस्था

सरकारको तर्फबाट सार्वजनिक संस्थामा भएको शेयर तथा ऋण लगानीको व्यवस्थापन गर्न मुख्य रुपमा निम्न कानूनी व्यवस्था रहेको छ।

- ❖ नेपालको संविधान
- ❖ सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९
- ❖ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- ❖ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- ❖ सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८०
- ❖ महालेखापरीक्षकबाट स्वीकृत फारमहरु

## १.३ संगठन संरचना र जनशक्ति

नेपाल सरकारको मिति २०७६।०३।०४ को निर्णय अनुसार सार्वजनिक ऋण तथा लगानीको व्यवस्थापन गर्न नेपाल प्रशासन सेवाको रा. प. प्रथम श्रेणीको सह सचिवको नेतृत्वमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालय रहेको छ। यस कार्यालयको स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिम हाल ३३ जना कर्मचारी कार्यरत रहेका छन।

# परिच्छेद दुई

## लेखाङ्कन नीति तथा टिप्पणी

### २. शेयर तथा ऋण लेखाङ्कन नीति

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले नेपाल सरकारको तर्फबाट आर्थिक वर्ष २०८०।८१ मा सार्वजनिक संस्थान/निकायमा भएको शेयर तथा ऋण लगानीको कारोवारको लेखाङ्कन गर्दा सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९, सार्वजनिक ऋण नियमावली, २०८० र प्रचलित आर्थिक कार्यप्रणाली, लगानी सम्बन्धी विगतका अभ्यासका अलावा देहाय बमोजिमका मुख्य मुख्य नीतिहरुको अवलम्बन गरिएको छ ।

### २.१. शेयर तथा ऋणको लेखाङ्कन सम्बन्धमा

- नेपाल सरकारले शेयर तथा ऋण लगानी गरेका संस्थान तथा निकायहरुको वार्षिक प्रतिवेदनलाई कार्यालयको अभिलेखसँग यथाशक्य भिडान गरी शेयर लगानीको आर्थिक विवरण प्रस्तुत गरिएको छ। संस्थानहरुसँग हाल भिडान हुन नसकेको लगानीको हकमा यस कार्यालयको अभिलेखको रकमलाई आधार मानिएको छ।
- वैदेशिक स्रोतको सोझै भुक्तानी विधिवाट गरिएको शेयर तथा ऋण लगानीको लेखा सरकारलाई दातृ निकायहरुबाट ऋण वा अनुदान प्राप्त हुँदाको बखतको विदेशी विनिमयदरकै आधारमा नेपाली मुद्रामा लेखाङ्कन तथा अभिलेखन गरिएको छ।
- सरकारले अन्तर्राष्ट्रिय संघसंस्था वा निकायहरुमा विदेशी मुद्रामा शेयर तथा ऋण लगानी गर्दा

  भुक्तानी गरेको बखतको विदेशी विनिमयदरकै आधारमा नेपाली मुद्रामा लेखाङ्कन तथा अभिलेखन गरिएको छ ।
- ऋण लगानी गर्दाको तमसुक तथा सम्झौतामा उल्लेख नभएको विषयका हकमा समान प्रकृतिका संस्थामा गरिएको लगानी, देशको आर्थिक अवस्था तथा अघिल्ला वर्षहरुमा भएका लगानी सम्बन्धी व्यवस्थालाई आधार मानिएको छ।
- दातृ संस्थाहरुबाट प्राप्त लगानीको रकममध्ये संस्थानहरुमा गरिएको ऋण लगानीको रकम सम्बन्धित संस्थानहरुसँग नेपाल सरकारले गरेको सहायक ऋण सम्झौताको आधारमा लेखाकंन गरिएको छ।
- सहायक ऋण सम्झौता फेला नपरेका ऋण लगानीको रकमको हकमा महालेखा नियन्त्रक कार्यालयबाट हस्तान्तरित अभिलेख, विवरण, ढड्डा तथा विगत आर्थिक वर्षहरुमा गरिएको निकासाका आधारमा ऋण बाँकीको रुपमा लेखाङ्कन गरिएको छ।

- दातृ निकायबाट सम्बन्धित संस्थामा भएको सोझै भुक्तानीलाई भुक्तानी प्राप्त गर्ने सम्बन्धित संस्था/निकायबाट प्राप्त विवरण एवं प्रतिवेदनका आधारमा लेखाङ्कन गरिएको छ।
- वैदेशिक स्रोतबाट लगानी गरिएका र लगानी मिति नखुलेका ऋण रकमहरुको लगानीको मिति सम्बन्धित आर्थिक वर्षको असार मसान्तलाई आधार मान्ने गरिएको छ । यस्तो लगानीमा` विनिमयदर नखुलेको अवस्थामा असार मसान्तकै विनिमय दरलाई आधार मानी लेखाकंन गर्ने गरिएको छ ।
- वस्तुगत सहायताको रुपमा गरिएको शेयर तथा ऋण लगानीको रकम तत्कालिन मूल्यको आधारमा लेखाङ्कन गर्ने व्यवस्था रहेको छ । त्यसैगरी संस्थानहरुमा हस्तान्तरण गरिएका सम्पत्तिहरुको मूल्यांकन गरी लगानी भएकोमा नेपाल सरकारको निर्णयबाट कायम भएको मूल्यलाई लेखाङ्कनको आधार लिने व्यवस्था रहेको छ ।

## २.२. लगानीबाट प्राप्त लाभांश तथा व्याज (राजस्व) सम्बन्धमाः

- शेयर तथा ऋण लगानीबाट प्राप्त लाभांस, साँवा फिर्ता तथा व्याज रकम आर्थिक संकेत तथा बर्गीकरणअनुसार सम्बन्धित राजस्व शीर्षकमार्फत नेपाल सरकारको सञ्चित कोषमा दाखिला गरी राजस्व सूचना व्यवस्थापन प्रणाली अनुरुप आर्थिक विवरणहरुमा प्रस्तुत गरिएको छ।
- तमसुक, निर्णय तथा सम्झौता प्राप्त हुन नसकेका कतिपय ऋण तथा शेयर लगानीको वक्यौता रकमहरु गणना गर्न सकिएको छैन जसका कारण त्यस्तो लगानीको साँवा मात्र समावेश गरिएको छ भने वक्यौता राजस्व यस आर्थिक विवरणमा समावेश छैनन्।
- आर्थिक वर्ष २०८०।८१ सम्म उठ्न बाँकी वक्यौता साँवा, व्याज तथा लाभांशको राजस्व वक्यौताको विवरण अभिलेखानुसार प्रस्तुत गरिएको छ।
- नेपाल सरकारबाट सार्वजनिक संस्थानमा गरिएको शेयर तथा ऋण लगानीको अभिलेखाङ्कनको दिगो व्यवस्थापनका लागि सञ्चालनमा रहेको Debt Operation and Management Software (DOMS) मा तथ्याङ्कको एकीकरण र स्थान्तरणको कार्य प्रारम्भ गरिएको छ।

## २.३ आ.व. २०८०।८१ को शेयर तथा ऋण लगानी तर्फको अद्यावधिक आर्थिक विवरणमा भएका समायोजन टिप्पणी

- आ. ब. २०८०।८१ मा नेपाल वायुसेवा निगमको पत्र संख्या डि.एफ/122/079.80 मिति 2079।12।03 को पत्रानुसार एम.ए.60 जहाज खरिद ऋण रकम रु 1,65,08,83,000।00 र वाई 12 ई जहाज खरिद ऋण रकम रु 1,36,96,06,782।२0 गरी जम्मा ऋण रकम रु ३ अर्ब २ करोड ४ लाख ८९ हजार ७८२ र २० पैसा आर्थिक वर्ष 2079।80 मा ऋण लगानी रकम आन्तरिक ऋण लगानी खातामा समायोजन गरी ऋण कायम गरिएको थियो। उक्त रकम बाह्य ऋण खातामा प्रविष्टि गर्नुपर्नेमा आन्तरिक ऋण खातामा प्रविष्टि गरिएको हुँदा चालु आर्थिक वर्ष 2080।81 मा स्रोत समायोजन गरी वाह्य ऋण खातामा हिसाव समायोजन गरिएको। (बाह्य ऋण खाता अनुसूची-४ सि.नं.१4 र आन्तरिक ऋण खाता अनुसूची-४ सि.नं.32)
- नेपाल राष्ट्र बैक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग पत्र संख्या 2079।80 मिति 2080।03।28 को पत्रानुसार रु. 1,53,549।81 साना किसान लघु वित्त संस्था लि. को ग्रामिण स्वालम्वन कर्जा कार्यक्रमको बाँकी सावाँ रकममा घटाई समायोजन गरिएको। (आन्तरिक ऋण खाता अनुसूची-3 सि.नं.57)
- आर्थिक वर्ष 2079।80 मा कृषि विकास बैक लिमिटेडबाट आन्तरिक कर्जा मध्ये घरेलु सिपमुलक कार्यक्रमको व्याज वापतको रकम रु 32,646।00 पाप्त भएको तर आर्थिक वर्ष 2079।80 मा बैक दाखिला नभएको हुँदा ब्याज प्राप्तीमा प्राविष्टी नगरिएको तर आयोजना खातामा प्रविष्टी गरिएको हुँदा चालु आर्थिक वर्ष 2080।81 को अनुसूची ०९ ब्याज प्राप्तीमा उल्लेख गरिएको तर यस चालु आ.ब. मा आयोजनागत खातामा प्रविष्टि नगरिएको।
- आर्थिक वर्ष 2079।80 को वार्षिक प्रतिवेदनको बैदेशिक ऋण खाता, नेपाल दुरसंचार संस्थान को छैटौं दुरसंचार कार्यक्रम को ऋण लगानी रकम रु 10,42,64,401।28 अनुसूची 4.3 नेपाल दुरसंचार प्राधिरकणको नाममा जोडिएर आएको हुँदा सो रकम दुरसंचार संस्थानमा कायम गरी प्राधिकरणमा घटाई चालु आर्थिक वर्ष 2080।81 मा समायोजन गरिएको। (बाह्य ऋण खाता अनुसूची-४ सि.नं.१८ र १९)
- आर्थिक वर्ष 2079।80 मा काठमाडौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई ए.डि.वि. ऋण नं. 1820 NEP अन्तर्गत मेलम्ची खानेपानी आयोजना कार्यान्वयनको लागि सहायक ऋण सम्झौता बमोजिम ५0% ऋण रकम लगानी र ५०% अनुदान रकम गरी रु 1,22,71,29,938 निकासा भएको तर उक्त रकम खर्च नभई मौज्दात रहेकोले ५0% ऋण लगानी रकम रु 61,35,64,968।95 र ५०% अनुदान रकम रु 61,35,64,968।95 बोडबाट फिर्ता भई साँवा

फिर्ता खातामा दाखिला गरि सावाँ फिर्तामा दाखिला गरिएकोमा उक्त सम्पूर्ण रकम सावाँ नभई अनुदान समेत भएकोले ५०% रकम मात्र सवाँ फिर्ता जनाउनु पर्ने हुँदा चालु आर्थिक वर्ष 2080।81 मा रु 61,35,64,968।95 बाँकी सावाँमा थप गरी समायोजन गरिएको साथै सो रकमको व्याज रु. १,४३,७२,५४९.28 चालु आ.ब. मा थप गरी समायोजन गरिएको।(बाह्य ऋण खाता अनुसूची-4 सि.नं. 21)

- आर्थिक वर्ष 2079।80 मा नेपाल विद्युत प्राधिकरणबाट प्राप्त सावाँ फिर्ता 132 K.V. प्रशारण तथा अन्य प्रशारण लाइन मा 1,08,16,82,750।00 र मध्य मर्स्याङ्गदी जलविद्युत आयोजना ( आवु खैरेनी) रु 2,91,83,07,250।00 गरी जम्मा रु. ४ अर्ब सावाँ फिर्ता जनाइएकोमा नेपाल विद्युत प्राधिकरणको चं.नं.18 मिति 2081।04।18 को पत्रानुसार उक्त रकम कालीगण्डकी जलविद्युत आयोजनामा सावाँ फिर्तामा प्रविष्टी गरि हिसाव समायोजन गरिएको।(बाह्य ऋण खाता अनुसूची-4.5.1 सि.नं. ३, १७ र 39)
- आर्थिक वर्ष 2079।80 मा नेपाल मेटल कम्पनी लिमिटेडको तलब भत्ता तथा प्रशासनिक खर्च र संचालन कार्याक्रमको तिर्न बाँकी ब्याज रकम रु 2,83,54,027।54 हुनु पर्नेमा रु 3,26,44,794।67 हुन गएको हुँदा चालु आर्थिक वर्ष 208०।81 मा रु. 42,90,767।13 घटाइ समायोजन गरिएको। (आन्तरिक ऋण खाता अनुसूची-3, सि.नं. 12 र अनुसूची-३.१.१, सि.नं. ५)
- आर्थिक वर्ष 2079।80 मा नागरिक उड्डयन प्राधिकरण, हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाको तिर्न बाँकी ब्याज रु. 17,35,65,573।77 हुनुपर्नेमा रु 2,39,76,532।67 भएको हुँदा छुट भएको ब्याज रकम रु 14,95,89,041।10 चालु आ.ब. मा थप गरी समायोजन गरिएको।(आन्तरिक ऋण खाता अनुसूची-3, सि.नं. 33 र अनुसूची-३.3.१, सि.नं. 12)
- आर्थिक वर्ष 2079।80 सम्म नागरिक उड्डयन प्राधिकरण, निर्माणाधिन खानीडाँडा विमानस्थलको निर्माण स्थलको निर्माणको तिर्न बाँकी ब्याज रु. 5,17,143।85 हुनुपर्नेमा उक्त व्याज रकम छुट भएको हुँदा चालु आ.ब. मा थप गरी समायोजन गरिएको।(आन्तरिक ऋण खाता अनुसूची-3, सि.नं. 33 र अनुसूची-३.3.१, सि.नं. 12)
- आर्थिक वर्ष 2079।80 सम्म जनक शिक्षा सामाग्री केन्द्र र साझा प्रकाशन लिमिटेडको तिर्न वाँकी बाँकी ब्याज क्रमश रु. 37,39,20,881।25 र 12,86,94,902।21 हुनुपर्नेमा उक्त व्याज रकम छुट भएको हुँदा चालु आ.ब. मा थप गरी समायोजन गरिएको।(आन्तरिक ऋण खाता अनुसूची-3, सि.नं. 45 र सि.नं. 46)
- आर्थिक वर्ष 2079।80 सम्मको नेपाल विद्युत प्राधिकरणको चमेलिया जलविद्युत आयोजनाको तिर्न वाँकी छुट ब्याज रकम रु. 3,54,56,49,120 र तनहुँ जलविद्युत

आयोजनाको  छुट भएको ब्याज रकम रु. 13150।68 रहेको हुँदा चालु आ.ब. मा रु. 35,56,62,270।68 थप गरी समायोजन गरिएको।(आन्तरिक ऋण खाता अनुसूची-3, सि.नं. 4८ र अनुसूची 3.5.1 सि.नं.11 र 19)

- आर्थिक वर्ष 2079।80 मा को नेपाल विद्‌युत प्राधिकरणको राहुघाट जलविद्‌युत आयोजनाको छुट ब्याज रकम रु. 8674।००, नेपाल भारत विद्‌युत प्रशारण लाईनको रु 21,897।91 र विद्‌युत विकास दशक सम्बन्धी कार्ययोजना को रु 1190।८५ गरी जम्मा रु 31,762।00 रहेको हुँदा चालु आ.ब.मा उक्त छुट भएको ब्याज रकम थप गरी समायोजन गरिएको।(बाह्य ऋण खाता अनुसूची-4, सि.नं. 19 र अनुसूची 4.5.1 सि.नं.37, सि.नं.43 र सि.नं. ५८)
- आर्थिक वर्ष 2079।८० मा नेपाल आयल निगमको चं.नं. 1558 मिति 2080।06।19 को पत्रानुसार शेयर समायोजन गर्दा रु 5,92,51,899.87 शेयर रकम वढी प्राविष्टि भएको हुँदा उक्त रकम चालु आ.ब. मा समायोजन गरिएको।(अनुसूची-2, सि.नं. 37)
- आर्थिक वर्ष 2079।८० मा औधोगिक क्षेत्र व्यवस्थापन लिमिटेडको चं.नं. 602 मिति 2080।06।21 को पत्रानुसार शेयर समायोजन गर्दा रु 9,36,45,00।00 शेयर रकम वढी प्राविष्टि भएको हुँदा उक्त रकम चालु आ.ब. मा समायोजन गरिएको।(अनुसूची-2, सि.नं. ६३)
- नेपाल वैक लिमिटेडको प.स. नैवैलि/सिईयो/ ८७/९३ मिति 2081।03।07 को पत्रानुसार तथा यस कार्यालयको २०८१।०३।०९ को निर्णयानुसार छुट भएको बोनश शेयर वापतको रकम रु 1,73,97,13,393।22 चालु आ.ब. मा थप गरी समायोजन गरिएको।(अनुसूची-2, सि.नं. 9३)
- चालु आर्थिक वर्ष 2080।81 मा नेपाल विद्‌युत प्राधिकरणको नेपाल वितरण प्रणाली स्तरोन्नती तथा विस्तार आयोजना (ई.आई.बि.) को ब्याज एवं प्रतिवद्‌धता शुल्क बापतको रकम रु. 9,13,87,611.25 ब्याज प्राप्तीमा दाखिला भएको तर नेपाल विद्‌युत प्राधिकरणको आयोजनागत खातामा प्रविष्टि नगरिएको हुँदा यस प्रतिवेदनको तालिका नं. ६ मा आर्थिक बर्ष 208०।८१ को ब्याज प्राप्तीमा फरक देखिएको छ।

# परिच्छेद तीन

## लगानीको अवस्था विश्लेषण

### ३. लगानीको स्थिती र विश्लेषण

नेपाल सरकारको तर्फवाट भएको शेयर तथा ऋण लगानीको आर्थिक वर्ष २०८०।८१ को अन्त्य सम्मको अवस्थाको स्थिती यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

### ३.१. सार्वजनिक संस्थान तथा निकायहरुमा आर्थिक बर्ष 20८०/८१ सम्म भएको लगानीको संक्षिप्त स्थिती

आर्थिक वर्ष २०८०।८१ सम्ममा नेपाल सरकारले विभिन्न १५० वटा संस्थान तथा निकायहरुमा शेयर तथा ऋण लगानी गरी रु. ८ खर्व २७ अर्ब ५२ करोड १२ लाख ३७ हजार लगानी भएको छ। जसमध्ये शेयर तर्फ ३ खर्ब 95 अर्ब 19 करोड ३४ लाख ५१ हजार र ऋण तर्फ रु. ४ खर्व ३२ अर्ब ३२ करोड ७७ लाख ८६ हजार लगानी भएको छ।

**तालिका १ : सरकारको शेयर तथा ऋण लगानीको विवरण** (बजेट रकम रु. करोडमा )

| क्र स | विवरण | गत आ. व. 2079।80 को अन्त्य सम्मको (अ) | यस आ. व. 208०।81 को | | | यस आ. व. 2080।81 को अन्त्यमा रहेको लगानी उ = अ+आ-इ-ई ) | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | लगानीको रकम (आ) | फिर्ता प्राप्त रकम (इ) | समायोजन भएको रकम (ई) | | |
| १ | शेयर लगानी | ३८६१२ | ७४० | - | १६७ | ३९५१९ | 48 |
| २ | ऋण लगानी | ३९७०६ | ४१९१ | ७२६ | ६१ | ४३२३२ | 52 |
| **जम्मा** | | **७८३१८** | **४९३१** | **७२६** | **२२८** | **८२७५१** | |

यस अबधि सम्ममा कुल लगानीमा ऋण लगानीको अंश करिब ५२ प्रतिशत र शेयर लगानीको अंश करिब ४८ प्रतिशत रहेको छ । यसको विस्तृत विवरण अनुसूची १ मा रहेको छ।

## ३.२ शेयर लगानी

### ३.२.१ कुल शेयर लगानी स्थिती

आर्थिक वर्ष २०८०।८१ सम्ममा सरकारबाट ११८ संस्थानहरुमा शेयर तर्फ ३ खर्व ९५ अर्ब १९ करोड ३४ लाख ५१ हजार लगानी भएको छ। यसमा सोझै भुक्तानीबाट भएको शेयर लगानीको रकम समेत समावेश गरिएको  छ।

**तालिका २ : कुल शेयर लगानीको स्थिती**

(रकम रु करोडमा)

| क्र.सं. | विवरण | आ.ब. २०७9।80 सम्मको | आ.ब. २०80।8१ को लगानी | समायोजन आ.ब. २०80।8१ को | २०८०।8१ मा बोनस प्राप्त | आ.ब. २०८०।8१ सम्मको लगानी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| 1 | संस्थापक शेयर | ३६४८१ | ७१८ | १६७ | ० | ३७३६६ | ९५ |
| 2 | प्राथमिकता प्राप्त शेयर | ९७९ | 0 | ० | ० | ९७९ | २ |
| 3 | अन्तर्राष्ट्रिय संस्थामा शेयर | ११५२ | २२ | ० | ० | ११७४ | ३ |
| **जम्मा** | | ३८६१२ | ७४० | **१६७** | ० | **३९५१९** | १०० |

सरकारको कुल शेयर लगानी मध्ये ९५ प्रतिशत संस्थापक शेयर रहेको छ। त्यसै गरी ३ प्रतिशत अन्तराष्ट्रिय संस्थामा शेयर लगानी रहेको छ। यसको विस्तृत विवरण अनुसूची २ मा रहेको छ।

### ३.२.२ बढी शेयर लगानी भएका संस्थाहरू

नेपाल सरकारले गरेको शेयर लगानी मध्ये आर्थिक वर्ष 20८०।81 सम्ममा सबैभन्दा बढी नेपाल विद्युत प्राधिकरणमा रु १ खर्ब 81 अर्ब ३३ करोड 02 लाख ४५ हजार रकमको शेयर लगानी भएको छ भने दोश्रो बढीमा नेपाल नागरिक उड्डयन प्राधिकरणमा रु. ६२ अर्ब ७४ करोड १७ लाख ७९ हजार रकमको शेयर लगानी भएको छ। त्यसैगरी तेश्रोमा नेपाल टेलिकममा रु. १६ अर्ब ४६ करोड 93 लाख 16 हजार रकमको शेयर लगानी भएको छ। नेपाल सरकारको बढी  शेयर लगानी रहेका १० वटा संस्थानहरूको विवरण तालिका ३ मा प्रस्तुत गरिएको छ।

**तालिका ३ : नेपाल सरकारको बढी शेयर लगानी रहेका दश संस्थानहरू** (रकम रु. करोडमा)

| क्र.सं. | संस्थान | शेयर लगानी | कुल शेयर लगानी प्रतिशत |
|---|---|---|---|
| १ | नेपाल विद्युत प्राधिकरण | १८१३३ | ४६ |
| २ | नेपाल नागरिक उड्डयन प्राधिकरण | ६२७४ | १५ |
| ३ | नेपाल टेलिकम | १६४७ | ४ |
| ४ | राष्ट्रिय बाणिज्य बैंक | १५६३ | ४ |
| ५ | कृषि विकास बैंक लिमिटेड | १३३० | ३ |
| ६ | हाइड्रो ईलेक्ट्रिसिटी ईन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट क. लि. | १२४७ | ३ |
| ७ | नेपाल आयल निगम | १०९४ | ३ |
| 8 | निक्षेप तथा कर्जा सुरक्षण कोष | ९०० | २ |
| 9 | नेपाल बैक लिमिटेड | ७४९ | २ |
| 10 | अन्तर्राष्ट्रिय मुद्रा कोष | ६५९ | १.५ |

सरकारको कुल शेयर लगानी रकमको सबैभन्दा बढी ४६ प्रतिशत रकम नेपाल विद्युत प्राधिकरणमा रहेको छ। त्यसै गरी नेपाल नागरिक उड्डयन प्राधिकरणमा १५ प्रतिशत र नेपाल टेलिकम लिमिटेड तथा राष्ट्रिय वाणिज्य वैकमा करिव ४ प्रतिशत रकम लगानी रहेको छ।

## ३.३ ऋण लगानी स्थिती

### ३.३.१ कुल ऋण लगानी स्थिती


आर्थिक वर्ष २०८०।८१ सम्ममा सरकारको आन्तरिक स्रोतबाट रु १ खर्ब ५६ अर्ब ३८ करोड १९ लाख ६१ हजार तथा वैदेशिक स्रोतबाट भएको ऋण लगानी रु. २ खर्ब ७५ अर्ब ९४ करोड ५८ लाख २४ हजार गरी जम्मा रु. ४ खर्ब ३२ अर्ब ३२ करोड ७७ लाख ८६ हजार ऋण लगानी रहेको देखिन्छ।

**तालिका ४ : कुल ऋण लगानीको स्थिती** (रकम रु करोडमा)

| क्रसं | विवरण | आ.व. २०७९।८० सम्मको | आ.व. २०८०।८१ मा भएको समायोजन | आ.व. २०८०।८१ को लगानी | आ.व.२०८०।८१ मा साँवा फिर्ता | आ.व. २०८०।८१ सम्मको बाँकी ऋण | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | आन्तरिक स्रोतबाट ऋण लगानी | १५२१६ | (३०२ | १,२१७ | ४९३ | १५६३८ | ३६ |
| २ | बैदेशिक स्रोतबाट ऋण लगानी | २४४९१ | ३६३ | २९७४ | २३३ | २७५९५ | ६४ |
| जम्मा | | ३९७०७ | ६१ | ४१९१ | ७२६ | ४३२३३ | १०० |

कुल ऋण लगानीमा वैदेशिक स्रोतको ऋण लगानीको हिस्सा ६४ प्रतिशत रहेको छ भने नेपाल सरकार स्रोततर्फ ३६ प्रतिशत रहेकोको छ। वैदेशिक सोततर्फको विस्तृत विवरण अनुसूची ४ र नेपाल सरकार स्रोततर्फको विस्तृत विवरण अनुसूची ३ मा रहेको छ।

**चित्र नं. १ ऋण लगानीको स्थिती**




### ३.३.२ बढी ऋण लगानी भएका संस्थाहरुः

आर्थिक वर्ष २०८०।८१ सम्ममा बढी ऋण लगानी भएका संस्थानहरुमा नेपाल विद्युत प्राधिकरणको 2 खर्ब ६९ अर्ब ४८ करोड, काठमाडौ उपत्यका खानेपानी ब्यवस्थापन बोर्डको ५२ अर्ब ६७ करोड रहेको छ। तालिका नं. ५ मा बढी ऋण लगानी भएका १० बटा सार्वजनिक संस्थानहरुको विवरण प्रस्तुत गरिएको छ।

**तालिका ५ : वढी ऋण लगानी भएका संस्थाहरु**

| l;=g+= | nufgL ul/Psf] ;+:yfg÷lgsfosf] | C)f nufgL | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | gfd | cfGtl/s C)f vftf | afx\o C)f vftf | hDdf ?= | |
| १ | g]kfn ljB"t k\|flws/)f | 73056826324.93 | 196424728698.44 | 2,69,48,15,55,023.37 | 62 |
| २ | sf&df)*f} pkTosf vfg]kfgL Aoj:yfkg af]*{ | 33809799784.00 | 18862734424.35 | 52,67,25,34,208.35 | 12 |
| ३ | g]kfn gful/s p**og k\|flws/)f | 3036091403.94 | 32075745155.45 | 35,11,18,36,559.39 | 8 |
| ४ | ;fgf ls;fg n#"ljQ ljlQo ;+:yf ln= | 13567631340.02 | 5435709627.50 | 19,00,33,40,967.52 | 4 |
| ५ | g]kfn vfg]kfgL ;+:yfg | 12242494350.00 | 6438434735.73 | 18,68,09,29,085.73 | 4 |
| ६ | gu/ ljsf; sf]if | 1549735000.00 | 5707811898.98 | 7,25,75,46,898.98 | 2 |
| ७ | g]kfn /fi^« a}+s | 0.00 | 4089916932.60 | 4,08,99,16,932.60 | 0.9 |
| ८ | g]kfn jfo" ;]jf lgud | 589326896.00 | 3026963168.09 | 3,61,62,90,064.09 | 0.8 |
| ९ | hgsk"/ r"/f]^ sf/vfgf lnld^]* | 2946277312.00 | 0.00 | 2,94,62,77,312.00 | 0.7 |
| १० | uf]/vsfnL /a/ pBf]u lnld^]* | 1817936844.10 | 0.00 | 1,81,79,36,844.10 | 0.4 |

### ३.३.३ साँवा ब्याज असुलीको स्थिती

सरकारद्वारा संस्थानहरुमा भएको कुल ऋण लगानीमध्ये २०८१ असार मसान्तसम्म सरकारलाई साँवा तर्फ रु. ९४ अर्ब ८२ करोड ५५ लाख फिर्ता प्राप्त भएको छ भने ब्याजतर्फ रू. ९५ अर्ब १८ करोड २६ लाख असूली भएको छ। फिर्ता भएको साँवा र व्याज गरी कुल रू. १ खर्ब ९० अर्ब ८२ लाख रहेको छ। आ.व. २०८०।८१ मा सावाँ फिर्ता तर्फ रु ७ अर्ब २६ करोड ०९ लाख र ब्याज तर्फ रु ७ अर्ब ३६ करोड २३ लाख प्राप्ती भएको छ ।

**तालिका ६ : साँवा ब्याज असूलीको स्थिती**

| ऋण लगानीको किसिम | असूलीको किसिम | आर्थिक बर्ष 2079।80 सम्मको | आर्थिक बर्ष 2080।81 को | आर्थिक बर्ष 2080।81 सम्मको |
|---|---|---|---|---|
| आन्तरिक स्रोतबाट ऋण लगानी | साँवा असूली | 31,47,08,66,341.20 | 4,92,66,97,651.19 | 43,64,37,75,341.20 |
| | ब्याज प्राप्त | 40,18,74,17,463.63 | 35,54,01,883.20 | 40,54,27,86,700.80 |
| | **जम्मा** | 71,65,82,83,804.83 | 12,52,82,78,237.24 | 84,18,65,62,042.00 |
| बैदेशिक स्रोतबाट ऋण लगानी | साँवा असूली | 48,84,74,88,311.82 | 2,33,42,92,086.22 | 51,18,17,80,398.04 |
| | ब्याज प्राप्त | 47,63,29,24,973.32 | 7,00,69,45,036.51 | 54,63,98,70,009.83 |
| | **जम्मा** | 96,48,04,13,285.14 | 9,34,12,37,122.73 | 1,05,82,16,50,407.87 |
| कुल जम्मा | साँवा | 80,31,83,54,653.02 | 7,26,09,89,737.41 | 94,82,55,55,739.24 |
| कुल जम्मा | व्याज | 87,82,03,42,436.95 | 7,36,23,46,919.71 | 95,18,26,56,710.63 |
| | **कुल जम्मा** | 1,68,13,86,97,089.97 | 21,86,95,15,359.97 | 1,90,00,82,12,449.87 |

स्रोतः बिगतका वार्षिक प्रतिवेदनबाट प्राप्त तथ्याङ्कमा अध्यावधिक गरिएको।

### ३.३.४ साँवा, व्याज तथा लाभांश प्राप्तिको स्थिती

तालिका ६ मा आर्थिक वर्ष देखि २०८०।८१ सम्मको सावा, ब्याज तथा लाभांस प्राप्तिको विवरण प्रस्तुत गरिएको छ । गत आर्थिक बर्ष २०७९।८० मा कुल प्राप्ती रु ४७ अर्ब ९१ करोड भएकोमा यस आर्थिक वर्ष २०८०।८१ मा 08 वटा संस्थाबाट साँवा तर्फ रु. ७ अर्ब २६ करोड, ११ वटा संस्थाबाट ब्याज तर्फ रु. ७ अर्ब ४५ करोड र १३ वटा संस्थाबाट नगद लाभांस तर्फ रु. ४६ अर्ब ६० करोड गरी जम्मा ६१ अर्ब ३२ करोड प्राप्त भएको छ ।

**तालिका ७ : आ.ब. २०६७/६८ देखि २०८०/८१ सम्म साँवा, व्याज तथा नगद लाभांश प्राप्तीको स्थिती**

| सि.नं. | आ.व. | साँवा | व्याज | लाभांश | जम्मा |
|---|---|---|---|---|---|
| १ | २०६७/६८ | १,२७,९५,०९,६८९।८२ | १,१९,९०,५६,२०७।७२ | ८,६२,४६,२८,९२३।२२ | ११,१०,३१,९४,८२०।७६ |
| २ | २०६८/६९ | १८,७०,०४,९७१।९० | १,७३,५३,९०,२००।६२ | ६,२०,६५,५३,९४६।९१ | ८,१२,८९,४९,११९।४३ |
| ३ | २०६९/७० | ७५,५३,०७,०१४।१४ | ५२,६३,७८,४८३।५१ | ६,६१,४४,३५,३९५।६२ | ७,८९,६१,२०,८९३।२७ |
| ४ | २०७०/७१ | ५६,९८,११,४९४।९५ | १,६५,१९,३८,३२३।९१ | ६,६३,९०,७०,३०७।३५ | ८,८६,०८,२०,१२६।२१ |
| ५ | २०७१/७२ | २,०८,१५,८१,८१५।७१ | १,९४,०६,७८,२५५।६५ | १३,५३,१५,७३,१०५।१९ | १७,५५,३८,३३,१७६।५५ |
| ६ | २०७२/७३ | १३,६९,४०,२७,०७०।९९ | ३,०९,०८,९९,३०८।५६ | १४,९८,२८,६८,६३८।५२ | ३१,७६,७७,९५,०१८।०७ |
| ७ | २०७३/७४ | २,९४,०२,१४,३१६।२० | २,२०,१३,७०,७२७।८९ | १५,०५,८५,५८,०६६।२२ | २०,२०,०१,४३,११०।३१ |
| ८ | २०७४/७५ | ५,४४,५५,३९,२३१।५३ | ३,५३,२३,५०,२४१।५८ | १७,४२,९०,१८,६६५।५६ | २६,४०,६९,०८,१३८।६७ |
| ९ | २०७५/७६ | ३०६६११७७६१।८५ | १७,१८,०७,८६,२९६।७५ | २०,५०,१९,०६,६२२।३० | ४०,७४,८८,१०,६८१।00 |
| १० | २०७६/७७ | १,७८,८१,५३,१२९।२१ | ५,४१,९३,१८,६३३।९८ | २३,६४,४०,७०,३०६।७५ | ३०,६७,१५,४२,०६८।९० |
| ११ | २०७७/७८ | ३,२२,३५,१६,११९।३८ | ८,४१,०२,४४,७१२।७४ | १२,७५,१२,९९,५४३।२३ | २४,३८,५०,६०,३७५।३५ |
| 12 | २०७८/७९ | 2,93,84,83,179.00 | 6,18,49,06,810.07 | 4,24,36,62,308।55 | 13,3,670,52,297.60 |
| 13 | 2079/80 | 11,81,41,36,166.49 | 8,72,13,85,880.67 | 27,38,06,79,384.76 | 47,91,62,01,432.00 |
| 14 | 2080/81 | ७,२६,०९,८९,७३८.०० | ७,४५,३७,०१,८८५.०० | ४६,६०,८५,९०,०९०.०० | ६१,३२,३२,८१,७१४.00 |

स्रोतः विगतको वार्षिक प्रतिवेदनबाट प्राप्त तथ्याङ्कमा अध्यावधिक गरिएको।

### ३.३.५ भाखा नाघेको सावाँ र ब्याज बढी भएका संस्थाहरु

नेपाल सरकारले गरेको ऋण लगानीको आर्थिक वर्ष 2080।81 सम्ममा भाखा नाघेको सावाँ रु. ७१ अर्ब ४३ करोड ८० लाख र भाखा नाघेको ब्याज तर्फ रु. १ खर्ब ९ अर्ब ७२ करोड २६ लाख गरी कुल जम्मा भाखा नाघेको १ खर्ब ८१ अर्ब १५ करोड ७ लाख रहेको छ।

**तालिका ८ : भाखा नाघेको सावाँ र ब्याज वढी भएका दश संस्थानहरू**

स्रोतः वार्षिक प्रतिवेदन 2080।81 अनुसूची 5

| सि.नं. | संस्थाको/निकायको नाम | भाखा नाघेको सांवा | भाखा नाघेको ब्याज | कुल जम्मा रु. |
|---|---|---|---|---|
| १ | g]kfn ljB"t k\|flws/)f | 43992558015 | 80047451393 | 1,24,04,00,09,408.57 |
| २ | sf&df)*f} pkTosf vfg]kfgL Aoj:yfkg af]*{ | 4143449839 | 6321207325 | 10,46,46,57,163.13 |
| ३ | g]kfn vfg]kfgL ;+:yfg | 3777874547 | 5720509570 | 9,49,83,84,116.68 |
| ४ | hgsk"/ r"/f]^ sf/vfgf lnld^]* | 2785728879 | 1624915428 | 4,41,06,44,307.07 |
| ५ | pbok"/ l;d]G^ pBf]u lnld^]* | 1724999726 | 1516196829 | 3,24,11,96,555.33 |
| ६ | g]kfn cf]l/o)* DofUg];fO{* k\|f=ln= | 575288899.8 | 1656758579 | 2,23,20,47,478.37 |
| ७ | g]kfn jfo" ;]jf lgud | 1082774351 | 1134767996 | 2,21,75,42,347.45 |
| ८ | la/f^gu/ h"^ ldN; lnld^]* | 1174605633 | 1021139043 | 2,19,57,44,676.11 |
| ९ | uf]/vsfnL /a/ pBf]u lnld^]* | 847916844.1 | 1322408034 | 2,17,03,24,878.44 |
| १० | hgs lzIff ;fdfu\|L s]Gb\| lnld^]* | 1338286970 | 440835229.8 | 1,77,91,22,199.75 |

चालु आर्थिक वर्ष 2080।81 सम्ममा वढी भाखा नाघेको सावाँ र ब्याज नेपाल विद्युत प्राधिकरणको रु 1 खर्ब 24 अर्ब 04 करोड, दोस्रोमा काठमाडौं उपत्यका खानेपानी ब्यवस्थापन बोड को रु १० अर्ब ४६ करोड रहेको छ।

### ३.४ लगानी व्यवस्थापनमा भएका सकारात्मक कदम

- यस कार्यालयबाट लगानी नीति तयार गरी स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पठाइएको।
- सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ तथा सो को नियमावली,२०८० जारी भई कार्यान्वयनमा आएको ।
- संस्थान/निकायसँगको हिसाब मिलानका लागि संस्थागत रुपमा केही संस्थासँग आन्तरिक रुपमा हिसाब मिलान समिति गठन गरी कार्य गरिएको।
- नेपाल सरकारबाट शेयर लगानी गरिएका सार्वजनिक संस्थामध्ये नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) मा सूचीकृत १४ संस्थाको शेयर अभौतिकीकरण गर्ने कार्य भई रहेको ।
- नेपाल सरकारबाट शेयर लगानी गरिएका सार्वजनिक संस्थामध्ये नेप्सेमा सूचीकृत नभएका संस्थाको शेयर अभौतिकीकरण गर्ने सम्बन्धमा धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ लिमिटेड र आरबिबि मर्चेन्टसँग छलफल भएको।
- भुक्तानी तालिका अनुसार भाखा नाघेको सावाँ र ब्याज समयमा भुक्तानी गर्न त्रैमासिक रुपमा ताकेता गरिएको।

- शेयर तथा ऋण लगानीको छुट्टै पोर्टल तयार गरी लगानी र प्राप्ति सम्बन्धी विवरणको प्रणालीगत व्यवस्थापनका लागि Debt Operation and Management System (DOMS) को अद्यावधिक गर्ने कार्य भइरहेको ।
- नेपाल सरकारबाट शेयर तथा ऋण लगानी गरिएका केही सार्वजनिक संस्थाको लगानीको अवस्थाको सम्बन्धमा अनुगमन गरिएको।

# परिच्छेद चार

## समस्या र चुनौतिहरु

**नेपाल सरकारको तर्फवाट शेयर तथा ऋण लगानी व्यवस्थापनको कार्य गर्दा निम्नानुसारका मुख्य मुख्य समस्या तथा चुनौतिहरु रहेका छन ।**

- **लगानी नीतिको अभाव**

  नेपाल सरकारले हालसम्म विभिन्न संस्थामा करिब रु. 8 खर्ब 27 अर्ब लगानी गरिसकेको छ। लगानी नीति बन्न नसक्दा लगानीको प्राथमिकता, क्षेत्र र संस्थान लगायतका विषयमा स्पष्टता र एकरूपता कायम गर्न सकिएको छैन।

- **सुरुवाती अभिलेख नै फरक हुनु**

  २०७६ सालमा महालेखा नियन्त्रक कार्यालयबाट हस्तान्तरित शेयर तथा ऋण लगानीको अभिलेख र तत् पश्चात् नेपाल सरकारको निर्णय अनुसार यस कार्यालयबाट अद्यावधिक गरिएको विवरण र नेपाल सरकारले लगानी गरेका संस्थाले राखेका अभिलेखमा एकरुपता छैन। सार्वजनिक संस्थामा भएको शेयर तथा ऋण लगानीको विवरण फरक पर्दा सार्वजनिक संस्थाबाट सरकारले पाउनुपर्ने प्राप्ति अभिलेख अनुसार प्राप्त नहुने र भाखा नाघेको साँवा र ब्याजको रकम बढ्दै जाने समस्या रहेको छ। सरकारद्वारा विभिन्न संस्थामा भएको शेयर लगानी मध्ये केही संस्थाको अधिकृत पूँजी खुलाउन सकिएको छैन। केही संस्थाको शेयर प्रमाणपत्र प्राप्त हुन बाँकी रहेको छ। कम्पनी ऐन अन्तर्गत गठित संस्थाहरूमध्ये अधिकांशको शेयर प्रमाणपत्र प्राप्त भए पनि अन्य ऐन अन्तर्गत स्थापित संस्थाहरूबाट शेयर प्रमाणपत्र प्राप्त भएका छैनन्। शेयर लगानी हिसाब पूर्ण रूपमा अद्यावधिक हुन नसक्दा स्वामित्वको आधारमा सरकारको शेयर लगानी स्थिती खुलाउन सकिएको छैन। सार्वजनिक लगानीको सुरुवाती अभिलेख नै अपर्याप्त रहेको वा फरक-फरक रहेको कारणले यससम्बन्धी यथार्थ चित्रणमै समस्या देखिन्छ।

- **सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सरकारी लगानीमा सार्थक सहभागिता नगराइनु**

  नेपाल सरकारले वित्तीय व्यवस्था तर्फ बजेट विनियोजन गरी सार्वजनिक संस्थालाई लगानी गर्ने गरेको छ। बजेट तर्जुमा प्रक्रियामा के कस्ता सार्वजनिक संस्थालाई लगानी गर्ने, कति गर्ने लगायतका विषयमा शेयर तथा ऋण लगानी सम्बन्धी प्रमुख कार्य जस्तै सहायक ऋण सम्झौता गर्ने, लगानी गर्ने, भुक्तानी तालिका अनुसार प्राप्ति असुल गर्ने, लेखाकंन गर्ने, प्रतिवेदन गर्ने तथा लेखापरीक्षण आदि गर्ने निकायको रुपमा रहेको  यस सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अर्थपूर्ण सहभागीता हुने गरेको छैन।

- **ऋण लगानीको ब्याजदरमा एकरूपता र स्पष्टता नहुनु**

  नेपाल सरकारद्वारा विभिन्न संघ/संस्थामा गरिएको ऋण लगानीमा लगाइने ब्याजदरमा एकरुपता छैन। चालु आर्थिक वर्षमा सरकारले निजी क्षेत्रबाट आन्तरिक ऋण उठाउँदाको व्याजदर र सार्वजनिक संस्थालाई ऋण लगानी गरेको व्याजदरमा फरक रहेको छ। स्पष्ट नीतिको अभावमा सार्वजनिक संस्थान पिच्छे फरक-फरक ब्याजदरमा ऋण लगानी भएको पाइन्छ। सस्तो दरमा ब्याज पाउने संस्थामा पनि उचित प्रतिफल प्राप्त हुन सकेको छैन।

- **वैदेशिक सहायताबाट हुने लगानीको फिर्ता भुक्तानीमा समस्या**

  नेपाल सरकारले सार्वजनिक संस्थालाई वैदेशिक सहायता स्रोतबाट गरिने ऋण लगानीको सहायक ऋण सम्झौता गर्दा विदेशी मुद्रामा गरिन्छ तर सोको अभिलेख र प्रतिवेदन नेपाली मुद्रामा गरिन्छ। संस्थाले तिर्दाको बखतको विदेशी मुद्राको विनिमय दरका आधारमा भुक्तानी गर्दा  साँवा फिर्ताको हिसावमा फरक परेको अवस्था छ। जसका कारण सार्वजनिक संस्थानले भुक्तानी तालिका अनुसार कुन विनिमय दरमा कति किस्ता रकम तिर्नुपर्ने हो भन्ने कुरा नखुल्दा संस्थानसँग साँवा र ब्याज प्राप्तिमा फरक मत रहने गरेको छ।

- **भुक्तानी तालिका परिमार्जन**

  नेपाल सरकार र सार्वजनिक संस्थाबीच गरिएको सहायक ऋण सम्झौतामा उल्लिखित अवधिभित्र धेरै जसो आयोजना सम्पन्न हुने गरेको देखिंदैन। यस्तो अवस्थामा सम्बन्धित संस्थाले आयोजना सम्पन्न नहुँदा भुक्तानी तालिका अनुसार भुक्तानी गर्न नसकिएको भन्दै भुक्तानी तालिका परिमार्जनका लागि अनुरोध गर्ने गरेको देखिन्छ। नेपाल सरकारले वैदेशिक ऋण सहायता स्रोत रहेको रकम ऋण लगानी गरेको मूल सम्झौता बमोजिम अन्तर्राष्ट्रिय विकास साझेदारलाई भुक्तानी गर्नुपर्ने रकम भुक्तानी तालिका अनुसार अनिवार्य तिर्नुपर्ने र तिर्ने गरेको तर सो अनुसार सार्वजनिक संस्थाबाट आयोजना सम्पन्न नभएको बहानामा किस्ता रकम समयमै प्राप्त नहुने गरेको अवस्था देखिन्छ।

- **सोझै भुक्तानी (Direct Funding) स्रोत अन्तर्गत भएका लगानीको सही हिसाब नहुनु**

  नेपाल सरकारद्वारा सार्वजनिक संस्थालाई वैदेशिक सहायता स्रोतबाट गरिने लगानीमध्ये अन्तरराष्ट्रिय विकास साझेदारबाट सम्बन्धित आयोजनामा गरिने सोझै भुक्तानी (Direct Payment) को हिसाबको विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई सम्बन्धित आयोजनासँग सम्बन्धित सार्वजनिक संस्थाले उपलब्ध गराउने गरेको र सोही सूचनाको आधारमा लगानीतर्फ अभिलेखन गर्ने गरिएको छ। धेरैजसो सार्वजनिक संस्थाले आर्थिक वर्ष व्यतित भएपछि मात्र त्यस्ता विवरण उपलब्ध गराउने गरेको देखिन्छ। यसबाट एकातर्फ त्यस्ता सोझै भुक्तानीको विवरण भुक्तान भएकै समयमा राष्ट्रिय लेखा (National Account) मा नदेखिने अवस्था रहन्छ भने अर्कोतर्फ सम्बन्धित संस्थाबाट प्राप्त सोझै भुक्तानीको विवरणको Cross Verification गर्ने आधार सार्वजनिक ऋण व्यवस्थापन कार्यालयसँग नहुँदा जे विवरण प्राप्त हुन्छ सोही राष्ट्रिय लेखा (National Account) मा प्रविष्टि गर्नुपर्ने अवस्था छ।

- **सार्वजनिक संस्थाको चल अचल सम्पत्ति रोक्का गरी ऋण असुल गर्न नसक्नु**

  नेपाल सरकारद्वारा विभिन्न संस्थामा ऋण लगानी गर्नुपूर्व गरिने तमसुकमा "ऋणीले ऋणको साँवा ब्याज समयमै चुक्ता नगरेमा धनीले प्रचलित कानून बमोजिम ऋणीको चल अचल जायजेथा रोक्का गरी असुल उपर गर्नेछ" भन्ने शर्त राखी ऋण लगानी गर्ने गरेको भएता पनि धेरैजसो सार्वजनिक संस्थाले भुक्तानी तालिका अनुसारको किस्ता नतिरेको अवस्थामा ती संस्थाको जायजेथा रोक्का गरी असुल उपर गर्न कानूनी जटिलता रहेको छ।

- **आयोजना लेखा प्रतिवेदन नहुनु**

  आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ मा वैदेशिक सहायताबाट सञ्चालित आयोजनाले आयोजना लेखा परिक्षण प्रतिवेदन (Audited and Unaudited Project Account) बनाई आयोजना सँग सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयबाट प्रमाणित गरी तत् तत् निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस्तो प्रतिवेदनबाट आयोजना सँग सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको हिसाबको मुख मिलान गर्न सहज हुन्छ। नेपाल सरकारद्वारा बैदेशिक सहायताबाट लगानी गरिएका कतिपय सार्वजनिक संस्था अन्तर्गतका आयोजनाले आयोजना लेखा परिक्षण प्रतिवेदन नबनाउँदा हिसाब मिलान गर्न कठिनाई भएको छ।

- **सरकार जमानत बसेको दायित्वको हिसाब नहुनु**

  सरकारको नीति अनुसार व्यावसायिक उद्देश्य हासिल गर्न तथा सार्वजनिक सेवालाई क्रियाशील गराउन अन्य निजी क्षेत्र एवं वैदेशिक निकायबाट सोझै हुने लगानीमा सरकार जमानत बसेको हिसाब र यसका कारण आईपर्नसक्ने सम्भावित दायित्वको अभिलेख व्यवस्थित हुन सकेको पाइदैन।

- **नेपाल सरकारले सार्वजनिक संस्थालाई प्रशासनिक खर्चका लागि ऋण लगानी गर्नु**

  नेपाल सरकारबाट बन्द भएका र जिर्ण अवस्थामा रहेका सार्वजनिक संस्थाको तलब, भत्ता, प्रशासनिक खर्च, अवकाश सुविधा लगायका प्रशासनिक खर्चका लागि ऋण लगानी गर्ने गरिएको छ। यसबाट त्यस्ता संस्थाबाट सरकारलाई तिर्नुपर्ने साँवा र ब्याजको रकम बढ्दै जाने देखिन्छ।

- **शेयर तथा ऋण लगानीको उद्देश्यमूलक उपयोग नभए फिर्ता लिने व्यवस्था नहुनु**

  नेपाल सरकारले सार्वजनिक संस्थालाई गरेको शेयर तथा ऋण लगानी निर्दिष्ट उद्देश्य बमोजिम परिचालन भए नभएको यकीन नगरी थप लगानी गर्ने गरेको देखिन्छ। महालेखा परीक्षक कार्यालयको कार्यमूलक लेखापरीक्षण प्रतिवेदनमा समेत सरकारले खर्च प्रतिशत बढाउनकै लागि सार्वजनिक संस्थाको आवश्यकता र पूर्व लगानीको मूल्यांकन नगरी लगानी गर्ने गरेको भन्ने टिप्पणी गरेको छ। लगानी गरिएका कतिपय संस्थाले लगानी रकम उपयोग नहुँदा बैंकमा न्यून ब्याजमा 'कल खाता' मा राख्ने गरेको देखिएको छ। जसबाट नेपाल सरकारले घाटा बजेट पूर्तिका लागि करिब १२ प्रतिशत सम्म ब्याजदर तिरी उठाएको आन्तरिक ऋणसमेतको लगानी रकम उपलब्धीमूलक हुन नसकेको देखिन्छ।

- **निजीकरण र बन्द भएका संस्थाको लगानी असुल उपर गर्न नसक्नु**

  नेपाल सरकारले लगानी भई पछि निजीकरण भएका वा बन्द भई अस्तित्वमा नरहेका सार्वजनिक संस्थाबाट भुक्तानी तालिका अनुसार साँवा तथा ब्याजको किस्ता नियमित रुपमा प्राप्त नहुँदा भाखा नाघेको साँवा तथा ब्याजको रकम बढ्दै गएको देखिन्छ।

- **स्थानीय तह, विकास समिति लगायतको लगानी असुल उपर गर्न नसक्नु**

नेपाल सरकारले लगानी गरेका काठमाडौं महानगरपालिका सहित ११ वटा स्थानीय तह, १ वटा जिल्ला विकास समिति, गृह पञ्चायत मन्त्रालय लगायतबाट भुक्तानी तालिका अनुसार साँवा तथा ब्याजको किस्ता नियमित रुपमा प्राप्त नहुँदा भाखा नाघेको साँवा तथा ब्याजको रकम बढ्दै गएको देखिन्छ। भाखा नाघेको साँवा र ब्याज असुलीका लागि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट पत्राचार भएकोमा कतिपय स्थानीय तहले संघीय व्यवस्था अनुसार स्थानीय तह छुट्टै सरकार रहेको र केन्द्रिय शासन ब्यवस्थामा साविकको स्थानीय निकायले लिएको ऋण अहिलेको स्थानीय तहले तिर्नु नपर्ने भनि जवाफ पठाएको अवश्था छ।

# परिच्छेद पाँच

## सुधारको मार्गचित्र तथा निश्कर्ष

हाल सम्म देखिएका समस्याहरुको निराकरण गरी सरकारको ऋण तथा शेयर लगानी व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउन निम्न सुझाउको कार्यान्वयन गरिनु पर्दछ ।

- **शेयर तथा ऋण लगानी नीति जारी गर्नेः**

  सम्बन्धित सरोकारवालहरुसँग वृहत छलफल गरी तयार गरीएको लगानी निति नेपाल सरकार (म.प) बाट यथाशीघ्र स्वीकृत गरी कार्यान्वयनमा लानुपर्ने देखिन्छ। यसवाट कस्तो सस्थामा सरकारले शेयर तथा ऋण लगानी गर्ने जस्ता विषयहरुमा नीतिगत रुपमा स्पष्टता कामय हुन्छ ।

- **लगानी ऐन बनाउनुपर्नेः लगानी ऐनमा निम्न व्यवस्था गर्नुपर्ने।**
  - सार्वजनिक संस्थामा ऋण लगानी गर्दा कायम गरिने ब्याजदर कस्ता सार्वजनिक संस्थालाई के कति दर राख्ने सम्बन्धमा अर्थ मन्त्रालयले लगानीको निर्णय गर्दा नै निर्णय गरी पठाउनु उपयुक्त हुन्छ।
  - नेपाल सरकारद्धारा सार्वजनिक संस्थानमा ऋण लगानी गर्दा तोकिने शर्तमा ऋणीले साँवा र ब्याजको किस्ता तोकिएको समयमा फिर्ता नगरेमा भाखा नाघेको रकम (साँवा वा ब्याज वा दुबै) मा निश्चित प्रतिशतका दरले हर्जाना लाग्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ।
  - नेपाल सरकारले सार्वजनिक संस्थालाई तलब, भत्ता तथा प्रशासनिक खर्च लगायत अनुत्पादक क्षेत्रमा ऋण लगानी गर्नुभन्दा अनुदान वा शेयर लगानी गर्नु उपयुक्त हुने देखिन्छ।
  - नेपाल सरकारले कुनै पनि सार्वजनिक संस्थामा नयाँ लगानी गर्दा त्यस्ता संस्थाको उद्देश्य र आवश्यकताको मूल्यांकन गरी लगानी गर्नु उपयुक्त हुने देखिन्छ। साथै, लगानी गरिरहेको संस्थामा थप लगानी गर्दा पहिला गरिएका लगानीको उद्देश्य अनुरूप कार्य भए नभएको सम्बन्धमा अध्ययन, अनुगमन, मुल्यांकन तथा प्रतिवेदनको आधारमा गर्नु उपयुक्त हुन्छ। यसका अलावा सार्वजनिक संस्थालाई गरिएको लगानी सम्बन्धित संस्थाले निधारित उद्देश्य अनुरूप खर्च गर्न नसकेमा सो आर्थिक समाप्त भएको १५ दिनभित्र नेपाल सरकारलाई सम्झौता अनुसारको ब्याज सहित फिर्ता गर्ने व्यवस्था गर्नु

उपयुक्त हुन्छ। यसबाट एकातिर सरकारी लगानी अनुत्पादनशील क्षेत्रमा जाने सम्भावना न्यूनीकरण हुन्छ भने अर्कोतिर सार्वजनिक ऋणको बढ्दो आकारमा नियन्त्रण गर्न समेत मद्धत पुग्ने देखिन्छ।

- **हिसाब मिलानको संयन्त्रः**

सार्वजनिक ऋण व्यवस्थापन कार्यालय स्थापना हुनु अघि महालेखा नियन्त्रक कार्यालय र स्थापना पश्चात् सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र सम्बन्धित सार्वजनिक संस्थाहरूको पदाधिकारी रहने गरी पटक पटक समिति गठन गरी हिसाव मिलानका कार्य गरिएको भएतापनि त्यस्ता समितिबाट दिइएको प्रतिवेदन कार्यान्वयनमा नआएको बार्षिक बजेटमा नै हिसाब मिलानका लागि उच्चस्तरीय समिति गठनको व्यवस्था गरी नेपाल सरकार र सार्वजनिक संस्थाहरूको हिसाबमा रहेको भिन्नता हटाउनु आवश्यक देखिन्छ।

- **आयोजना लेखाः**

नेपाल सरकारद्वारा बैदेशिक सहायताबाट लगानी गरिएका कतिपय सार्वजनिक संस्था अन्तर्गतका आयोजनाले अनिवार्य रूपमा आयोजना लेखा प्रतिवेदन वार्षिक रूपमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था सहायक ऋण सम्झौतामा नै व्यवस्था गरी कार्यान्वयन गर्नु उपयुक्त हुन्छ।

- **सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको प्रतिनिधित्वः**

सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र नेपाल सरकारको लगानी भएका सार्वजनिक संस्थाबीच नियमित सम्पर्क, सहकार्य र समन्वयकारी सम्बन्ध कायम गर्न सार्वजनिक संस्थाका महत्वपूण गतिविधि जस्तै साधारण सभा, सञ्चालक समिति लगायतमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको प्रतिनिधित्व गराउनु अत्यन्त जरुरी देखिन्छ। यसबाट हाल देखिएका सरकार र संस्थाबीचको हिसाब मिलान समस्या तथा भाखा नाघेको साँवा र ब्याज असुली लगायतका कार्यमा समेत सहजता आउने देखिन्छ।

- **बन्द भएका संस्थानमा रहेको लगानी अपलेखन**

नेपाल सरकारबाट शेयर तथा ऋण लगानी भएको तर बन्द भई हाल अस्तित्वमा नरहेका सार्वजनिक संस्थाको नाउँमा रहेका लगानी तथा उक्त संस्थाबाट सरकारले प्राप्त गर्नुपर्ने

सम्पूर्ण किसिमका प्राप्तिलाई विनियोजन ऐन मार्फत अपलेखनको व्यवस्था गरी हटाउनु उपयुक्त हुन्छ। निजीकरण गरिएका संस्थाको हकमा भने अनिवार्य रुपमा फिर्ता गर्नुपर्ने व्यवस्था गर्नुपर्छ ।

- **स्थानीय तहमा रहेको लगानी असुलीका लागि विनियोजन ऐनमा समावेश**

  नेपाल सरकारले लगानी गरेका काठमाडौं महानगरपालिका सहित ११ वटा स्थानीय तह, १ वटा जिल्ला विकास समिति, गृह पञ्चायत मन्त्रालय लगायतबाट भाखा नाघेको साँवा र ब्याज असुलीका सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट पटक पटक ताकेता गर्दा पनि हालसम्म प्राप्त हुन नसकेकोले आगामी विनियोजन ऐनमा असुलीका लागि उपयुक्त व्यवस्था गर्नु उपयुक्त देखिन्छ। स्थानीय तहको हकमा सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७६ को दफा ८ को उपदफा ४ अनुसार “प्रदेश वा स्थानीय नेपाल सरकारबाट वा नेपाल सरकारको जमानतको लिएको ऋण तिर्न नसकेमा नेपाल सरकारले त्यस्तो ऋणको साँवा र व्याज बराबरको रकम प्रचलित कानून बमोजिम सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँडको रकमबाट कट्टा गर्न सक्नेछ” भन्ने व्यवस्था बमोजिम आगामी वर्षमा त्यस्ता स्थानीय तहलाई गरिने राजस्व बाँडफाँडबाट कट्टा गर्ने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ।

| …………………………. | …………………………. | …………………………. | …………………………. | …………………………. |
|---|---|---|---|---|
| लोक बहादुर श्रेष्ठ<br>लेखापाल | कृष्ण प्रसाद सापकोटा<br>लेखा अधिकृत | परमा पौडेल आचार्य<br>लेखा अधिकृत | चुडाराज सापकोटा<br>उपसचिव | अमृत लम्साल<br>कार्यालय प्रमुख |